# गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### गलकोट, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल

प.स.:- ०७७/७८
च.नं.:- ०८

मितिः २०७७।०४।२५

विषयः विद्यालय सेफगार्ड सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।

श्री गलकोट नगरपालिका अर्न्तगत सञ्चालित सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको मिति २०७७/०३/२५ गतेको पत्र अनुसार सबै विद्यालयहरुमा प्रधानाध्यापक स्वयंम् वा निजले विज्ञान वा सामाजिक विषय शिक्षकलाई विद्यालयको सेफगार्ड तोकी उक्त पत्रमा तोकिए बमोजिमको कार्य विवरण दिनुपर्नेछ भनी लेखीआएकाले यस नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा (safeguard) तोकी सोको जानाकारी यस कार्यलयको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पठाउनुहुन अनुरोध छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको मिति २०७७०३।२५ गतेको पत्र यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

७७।०४।२५

रुद्र नारायण सापकोटा
नगर शिक्षा अधिकारी
उप सचिव(दशौं तह)

बोधार्थ

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

श्री नगर प्रमुखज्यू, गलकोट नगरपालिका, बाग्लुङ

श्री नगर उपप्रमुखज्यू, गलकोट नगरपालिका, बाग्लुङ

श्री संयोजकज्यू, सामाजिक विकास समिति, गलकोट नगरपालिका, बाग्लुङ

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)**

सानोठिमी, भक्तपुर

पत्र संख्या : ०७७/०७८
च.नं.

फोन नं. :
फ्याक्स नं. : ६६-३१९७२

मितिः २०७७/ ०३ / २५

विषयः विद्यालयको सेफगार्ड (Safeguard) सम्पर्क व्यक्तिको कार्य विवरण सम्बन्धमा ।

श्री सबै विद्यालयहरु,

प्रस्तुत विषयमा विद्यालयमा वातावरण व्यवस्थापन प्रारूप (EMF) र सामाजिक व्यवस्थापन प्रारूप (SMF) अनुसार सम्पर्क व्यक्ति तोकी कार्य सम्पादन गर्ने गराउनु हुनु निर्देशनुसार अनुरोध छ।

(साधारण अर्थमा सेफगार्ड भनेको रक्षा वा सुरक्षा गर्नु हो । विद्यालयको सन्दर्भमा सेफगार्ड अन्तर्गत विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालय परिसर भित्रै काम गर्ने कामदारहरू र विद्यालय परिसर भित्र एवम् आसपासका बोटबिरुवा, पशुपंक्षीलाई भौतिक निमार्णका कार्यहरू गर्दा सुरक्षित राख्नु पर्ने आदि जस्ता विषयहरु पर्दछ । सेफगार्ड सम्पर्क व्यक्तिको काम कर्तव्य भने, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरिएको वातावरण व्यवस्थापन प्रारूप (Environmental Management Framework, EMF) र सामाजिक व्यवस्थापन प्रारूप (Social Management Framework, SMF) मा तोकिएका गतिविधि तथा कार्यहरू पालन गर्नु गराउनु रहेको छ । प्रत्येक विद्यालयमा प्रधानाध्यापक स्वयम् वा निजले विज्ञान वा सामाजिक विषय शिक्षकलाई विद्यालयको सेफगार्ड (Safeguard) सम्पर्क व्यक्तिको जिम्मेवारी दिनु पर्नेछ ।

**विद्यालय सेफगार्ड सम्पर्क व्यक्तिको कार्य विवरण :**

१. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा समावेश गरिएको तालिकाअनुसार आफ्नो विद्यालयको वातावरणीय तथा सामाजिक छनौट सम्बन्धी फारम भर्ने,
२. यस तालिकाबमोजिम भौतिक निमार्णका गतिविधिहरूमा EMF र SMF को पालना भएको नभएको एकिन गराउनुका साथै विद्यालयमा वातावरणीय र सामाजिक जोखिमको अवस्था, गरिनु पर्ने गतिविधि र मूल्याङकनको पहिचान गर्ने,
३. भौतिक निमार्णका कार्यहरूमा EMF र SMF मा दिएको Compliance Monitoring को ढाँचा अनुसार नियमित अनुगमन गर्ने,
४. व्यक्तिगत सुरक्षाका साधनहरू जस्तै mask, gloves, helmets, boots आदि कामदारहरूसँग भएको सुनिश्चित गर्ने, गराउने,
५. विभिन्न महामारीबाट बच्न तथा फैलिन नदिने, विद्यार्थी, शिक्षक र कर्मचारीहरूको स्वास्थ्य र स्वच्छतामा र सावधानी अपनाउने, फोहर व्यवस्थापन, सरसफाई र निकास व्यवस्थापन, ध्वनी र धुलो व्यवस्थापन, भुक्षय व्यवस्थापन, हरियाली संरक्षण गर्ने, गुनासो सुनुवाई, अभिलेखीकरण र समाधान गर्ने जस्ता कार्यको समन्वय गर्ने,
६. विद्यालयमा भौतिक निमार्णको कार्यहरू गर्दा वातावरण तथा समाज मा हुन सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न आवश्यक जानकारी वा प्रतिवेदन विभिन्न चरणमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा सम्वद्ध निकायबाट अभिमूखीकणर गरे अनुसार वा माग गरे अनुसार पेस गर्ने,
७. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश तथा स्थानीय तहका विद्यालय खानेपानी सरसफाइ र स्वच्छता सम्बद्ध सम्पर्क व्यक्तिहरूसँग सम्पर्कमा रही आवश्यक काम गर्ने। )

Malini
मेदिनी प्रजापति
वातावरण विद